जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ४ २०८२ साल साउन ५ गते सोमबार (21 July 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : चितवनमा डेङ्गु संक्रमणदर... ३ पृष्ठमा : पोखरी सौन्दर्यकरण अभियान ... ३ पृष्ठमा :पर्यटक डुङ्गा डुब्दा...

## सप्तरीमा ठूलो परिमाणको गाँजासहित महिला पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ४ साउन ।**

सप्तरी प्रहरीले ठूलो परिमाणको प्रतिबन्धित लागुऔषध गाँजासहित एक महिलालाई पक्राउ गरेको छ ।

प्रहरी टोलीले जिल्लाको राजगढ ३ नर्घास्थित ४५ वर्षीय रामकेबल मण्डलको घरमा आईतवार खानतलासी गर्दा निर्माणाधीन शौचालय, गाईगोठ र घर नजिकैको बाँस भ्याङमा लुकाएर राखिएको अवस्थामा १२ वटा बोरामा रहेको ३ सय ८८ किलो गाँजा बरामद गरेको हो ।

सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले उक्त परिमाणको लागुऔषध गाँजासहित रामकेवलकी ४१ वर्षीया श्रीमती रेखा कुमारी मण्डललाई पक्राउ गरेको जनाएको छ ।

विशेष सूचनाको आधारमा ठूलो परिमाणको गाँजा स्थानीय रामकेबल मण्डलको घरमा राखेको अवस्थामा बरामद गरेको तथा नियन्त्रणमा लिएका मण्डलमाथी थप अनुसन्धान अगाडी बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिएका छन् ।

## सिरहा कारागारमा झडप हुँदा १३ कैदीबन्दी घाइते

**दैनिक समाचारदाता**
**सिरहा, ४ साउन ।**

सिरहा सदरमुकामस्थित जिल्ला कारागारमा आइतबार दिउँसो कैदीबन्दीहरूबीच झडप हुँदा १३ जना घाइते भएका छन् ।

कारागारभित्र आन्तरिक प्रशासनको नाइके तोक्ने विषयमा विवाद चर्किएपछि झडप भएको सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी तथा सूचना अधिकारी चेतराज बरालले जानकारी दिएका छन् ।

"नाइके को हुने भन्ने विवादले दुई समूहबीच झडप भएको हो । घाइतेहरूलाई तत्काल प्रादेशिक अस्पताल सिरहा पठाइएको छ", उनले भने, "सुरक्षाका दृष्टिकोणले पनि थप उपचारका लागि उनीहरूलाई आइतबारै काठमाडौँ पठाउने तयारी भइरहेको छ ।"

घटनापछि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागको टोली तत्काल कारागार पुगेको थियो । हाल अवस्था नियन्त्रणमा रहेको र झडपको विषयमा थप अनुसन्धान भइरहेको प्रशासनले जनाएको छ ।

सिराहा कारागार १५० कैदीबन्दी राख्ने क्षमताको भए पनि हाल ४५८ जना कैदीबन्दी राखिएको छ । क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी राखिँदा आन्तरिक व्यवस्थापनमा समस्या देखिएको छ ।

शनिबार मात्रै जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानको संयुक्त टोलीले कारागार अनुगमन गरेको थियो । अनुगमनका क्रममा कुनै असहज अवस्था नरहेको बताइएको थियो । त्यसको भोलिपल्टै झडप हुनुले कारागार व्यवस्थापनमाथि प्रश्न उठाएको छ ।

यसअघि पनि कारागारभित्र आपराधिक गतिविधि भएको आरोपमा छानबिन समिति गठन गरिएको थियो । डेढ महिनाअगाडि बुझाइएको उक्त प्रतिवेदन हालसम्म सार्वजनिक गरिएको छैन ।

## मधेश प्रदेशका पूर्वप्रमुख झा पक्राउ

**दैनिक समाचारदाता**
**काठमाडौं, ४ साउन ।**

मधेश प्रदेशका पूर्वप्रमुख राजेश झालाई प्रहरीले पक्राउ गरेको छ ।

मधेश प्रदेशका पूर्वप्रमुख झालाई बलात्कार अभियोगमा आइतबार काठमाडौँबाट पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिएका छन् ।

उनले भने, "बलात्कार आरोपमा झाविरुद्ध अदालतबाट पुर्जी जारी भएको थियो । आइतबार हाम्रो टोलीले काठमाडौँबाट पक्राउ गरेको हो ।" पक्राउ परेका पूर्वप्रदेश प्रमुख झाविरुद्ध अनुसन्धान गर्न प्रहरीले काठमाडौं जिल्ला अदालतबाट आइतबारै पाँच दिनको म्याद लिएको प्रवक्ता बोहराले बताए ।

## खोलामा डुबेर दुई बालकको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, ४ साउन ।**

इटहरीको ट्याङ्ग्राखोलामा डुबेर दुई बालकको मृत्यु भएको छ । इटहरी उपमहानगरपालिका-३ स्थित खोलामा साथीसँग पौडी खेल्ने क्रममा आइतबार दिउँसो दुई जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा इटहरी-३ कल्याण चोकका आठ वर्षीय दीपसन चौधरी र सङ्खुवासभा चौनपुर घर भई हाल इटहरी-२ आफन्तकामा बस्ने ११ वर्षीय क्रिवास लिम्बू रहेका छन् ।

इलाका प्रहरी कार्यालय इटहरीका प्रमुख, प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीका अनुसार खोलामा डुबेका दुवै जनालाई तत्काल उद्धार गरेर उपचारका लागि मोरङको बूढीगङ्गास्थित विराट शिक्षण अस्पताल पुर्‍याइएको थियो ।

अस्पताल पुर्‍याएको केहीबेरमै चिकित्सकले दुवैलाई मृत घोषणा गरेका भण्डारीले जानकारी दिए ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १७ वर्ष देखी संचालन हुदै आएको
**ओभरसियरी क्यामपस**
( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**
( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए.
फारम भर्ने अन्तिम मिति : २०८२ श्रावण ११ गते सम्म ।

सम्पर्क :
**सफटेक इन्जिनियरिङ कलेज**
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

**बाढी र पहिरोबाट सचेत होऔं ।**

बाढी र पहिरो आउनुअघिः
- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगाफाटालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिऔं ।

बाढी र पहिरो आएमाः
- अनावश्यक हिडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका लाइन वा पोलहरूबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले पार गरौं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# चितवनमा डेङ्गु संक्रमणदर उच्च भए पनि मृत्यु कम

चितवन, ४ साउन (रासस)।

जिल्लामा गत आर्थिक वर्षमा तीन हजार ८८९ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको छ। जनस्वास्थ्य कार्यालयका अनुसार सो अवधिमा एक हजार ५४८ पुरुष र एक हजार ४७२ महिला गरी तीन हजार २० जना चितवन जिल्लाभित्रै डेङ्गु सङ्क्रमित भएका हुन्। त्यसैगरी, अन्य जिल्लाबाट आएका चार सय १२ पुरुष र चार सय ५७ महिला गरी आठ सय ६९ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ।

गत वर्ष सबैभन्दा धेरै सङ्क्रमित भरतपुर महानगरपालिकामा देखिएका छन्, जहाँ एक हजार एक सय ७१ जनामा सङ्क्रमण पुष्टि भएको छ। त्यसपछि रत्ननगर नगरपालिकामा नौ सय सात, इच्छाकामना गाउँपालिकामा चार सय ६७, खैरहनी नगरपालिकामा दुई सय २३, राप्ती नगरपालिकामा एक सय २४, कालिका नगरपालिकामा ९१ र माडी नगरपालिकामा ३७ जना सङ्क्रमित भएका छन्। डेङ्गुका कारण गत आवमा एक जनाको मृत्यु भएको पुष्टि गरिएको थियो।

जिल्लामा गत आव १७ हजार ३५३ जनाको रगत परीक्षण गरिएको थियो। जनस्वास्थ्य कार्यालयका भेक्टर कन्ट्रोल निरीक्षक राम केसीले सङ्क्रमणदर उच्च भए पनि मृत्युदर कम रहेको बताउनुभयो। उहाँका अनुसार अघिल्लो आवमा एक हजार आठ सय ३१ जनामा डेङ्गु सङ्क्रमण देखिएको थियो, जुन २३ हजार आठ सय ४० जनाको परीक्षणबाट पुष्टि भएको थियो।

आव २०७४/७५ मा एक हजार २९१ परीक्षण ५९ सङ्क्रमित, २०७५/७६मा एक हजार ९५१ परीक्षण ३१ सङ्क्रमित, २०७६/७७ मा १९ हजार २३० परीक्षण चार हजार ८०३ सङ्क्रमित, २०७७/७८ मा एक हजार ७१७ परीक्षण २४३ सङ्क्रमित, २०७८/७९ मा १४ हजार ९७८ परीक्षण, तीन हजार ३३६ सङ्क्रमित, २०७९/८० मा पाँच हजार ४५४ परीक्षण, ३०३ सङ्क्रमित भएको कार्यालयको तत्याङ्मा उल्लेख छ।

जिल्लाको मुख्य बजार क्षेत्रमा डेङ्गु जोखिम बढी हुने गरेको छ। सङ्क्रमण बढ्न नदिन उच्च सतर्कता अपनाइएको छ। कार्यालयले सबै सातै पालिकाका स्वास्थ्यकर्मी र जनप्रतिनिधिसँग अन्तर्क्रिया र छलफल गर्दै डेङ्गु नियन्त्रणका उपाय अघि बढाएको भेक्टर कन्ट्रोल निरीक्षक केसीले जानकारी दिनुभयो। डेङ्गु फैलाउने लामखुट्टेको सङ्ख्या बढ्ने मौसमी कारण यस सिजनमा सतर्क रहन सबैलाई सचेत गराइएको उहाँले बताउनुभयो।

नेपालमा डेङ्गु ज्वरो पहिलोपटक सन् २००४ मा चितवनमा देखिएको थियो। त्यो वर्ष यहाँ आएका एक जापानी पर्यटकमा रोग पुष्टि भएको थियो। त्यसपछि सन् २००६ मा तराई र भित्री मधेसका केही जिल्लामा पनि डेङ्गुका बिरामी भेटिएका थिए। सन् २००९ मा चितवनमा नौ जनामा सङ्क्रमण देखिएको थियो। सन् २०१० मा तीन हजार २९८ जनाको परीक्षण गर्दा ७३९ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ।

केसीका अनुसार डेङ्गु रोगको ज्वरो पाँचदेखि सात दिनसम्म रहन सक्छ। यो रोग लाग्दा आँखाको गेडी तथा टाउको धेरै दुख्ने, शरीर कट्कटी दुख्ने, जोर्नी, हड्डी तथा मांसपेशी दुख्ने, शरीरमा बिबिरा आउने र रक्तश्राव हुने, उच्च ज्वरो आउनेजस्ता लक्ष्यण देखापर्छ। यस्तै वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुनेजस्ता लक्षण देखापर्ने उहाँले बताउनुभयो। डेङ्गु ज्वरो विषाणुका कारण हुने भएकाले यसको खासै उपचार नहुने उहाँले जानकारी दिनुभयो।

डेङ्गु ज्वरोबाट बच्ने मुख्य उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु रहेको जनस्वास्थ्य कार्यालयले जनाएको छ। आफू बस्ने ठाउँ वरिपरि फालिएका खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरु, पुराना टायर आदिमा पानी जम्न नदिने रहेको केसीले बताउनुभयो।

# ‘मानव अधिकारसम्बन्धी नेपालले गरेका १९६ प्रतिबद्धतामध्ये १६ वटा मात्रै पूर्ण कार्यान्वयन’

काठमाडौँ, ४ साउन (रासस)।

मानवअधिकार सम्बन्धी तेस्रो विश्वव्यापी आवधिक समीक्षाका क्रममा नेपालले गरेका प्रतिबद्धता कार्यान्वयनको अवस्था निकै कमजोर देखिएको छ।

प्रतिनिधिसभा, कानुन, न्याय तथा मानवअधिकार समितिको आइतबारको बैठकमा तेस्रो विश्वव्यापी आवधिक समीक्षा (युपिआर) प्रतिवेदनबाट प्राप्त सुझाव कार्यान्वयनको अवस्था र चौथो समीक्षा तयारीबारे छलफल भएको थियो। छलफलका क्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रस्तुत विवरणअनुसार तेस्रो समीक्षाका अधिकांश सुझाव नेपालले कार्यान्वयन गर्न सकेको छैन भने आगामी चौथो समीक्षाका लागि पर्याप्त पूर्वतयारीसमेत भएको छैन।

सन् २०२६ मा नेपालको चौथो चक्रको विश्वव्यापी मानव अधिकार समीक्षा हुँदैछ। त्यसका लागि नेपालका तर्फबाट राष्ट्रिय प्रतिवेदन तयार पारी आगामी अक्टोबर ५ भित्र संयुक्त राष्ट्रसङ्घको मानव अधिकार परिषद्मा पठाइसक्नुपर्ने हुन्छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले निर्धारित समयभित्रै प्रतिवेदन पेस गर्न नेपाल प्रतिबद्ध रहेको बताउनुभयो। “हामी सबै निकायसँगको समन्वयमा चौथो प्रतिवेदन तोकिएको समयभित्रै पेस गर्नेगरी अघि बढिरहेका छौँ”, उहाँले भन्नुभयो।

यस्तै, संविधानमा भएका व्यवस्था कार्यान्वयनका लागि कानुन चाँडो निर्माण गर्ने, योजना तथा नीति कार्यान्वयनका लागि पर्याप्त संरचना निर्माण र बजेट छुट्याउने कार्यलाई सरकारले प्राथमिकतामा राखेको मन्त्री गुरुङको भनाइ छ।

सोही बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुर्‍याउन नेपालले उल्लेख्य काम गरेको दाबी गर्नुभयो। “बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन निर्माण तथा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन जस्ता महत्त्वपूर्ण काम भएका छन्। मानव अधिकारसँग जोडिएका अरू विभिन्न कानुन निर्माणका लागि पनि सम्बन्धित विषयगत मन्त्रालयसँग समन्वय भइरहेको छ”, उहाँले भन्नुभयो।

बैठकमा मुख्यसचिव एकनारायण अर्यालले मानव अधिकारसम्बन्धी तेस्रो आवधिक समीक्षाबाट दिइएका सुझाव कार्यान्वयन अवस्थाबारे समितिलाई जानकारी गराउनुभएको थियो। “नेपालले उक्त प्रतिवेदनमार्फत १९६ बुँदा कार्यान्वयन गर्ने भनेर प्रतिबद्धता जनाएकामा १६ वटा मात्रै पूर्ण कार्यान्वयन हुन सकेका छन्। बाँकी १० वटा आंशिक, १११ वटा कार्यान्वयनको विभिन्न चरणमा रहेका र १० वटा कार्यान्वयन नै हुन नसकेको अवस्थामा छन्। ३७ वटा बुँदा नेपालले आफ्नो जानकारीमा मात्रै लिएको थियो”, उहाँले भन्नुभयो।

नेपालमा मानवअधिकारसम्बन्धी विभिन्न विषयमध्ये मुख्यगरी लैङ्गिक विभेद, बालश्रम तथा बालविवाह, जातीय छुवाछूत, द्वन्द्वपीडित र सङ्क्रमणकालीन न्याय, गरिबी निवारण, अपाङ्गता भएका व्यक्तिको अधिकार, मानव बेचबिखन जस्ता विषयबारे समीक्षाका क्रममा प्राथमिकताका साथ केही विषय औँल्याइएको मुख्यसचिव अर्यालको भनाइ छ।

छलफलका क्रममा सांसदहरूले मानवअधिकारसम्बन्धी संवैधानिक तथा कानुनी प्रावधान पूर्ण कार्यान्वयनमा आउन नसकेको, दलित तथा अल्पसङ्ख्यकको हक अधिकार सुनिश्चित हुन नसकेको, छुवाछूत तथा जातीय भेदभाव हट्न नसकेकोलगायत विषय उठाउनुभएको थियो।

यसैगरी, नागरिकले संविधानद्वारा प्रत्याभूत गरिएका शिक्षा, स्वास्थ्य, रोजगार, आवासलगायत मौलिक हक पाउन नसकेको विषय पनि समितिमा उठाइएको थियो। चौथो समीक्षाका लागि नेपाल सरकारका तर्फबाट, राष्ट्रिय मानवअधिकार आयोगका तर्फबाट र गैरसरकारी संस्थाहरूबाट छुट्टाछुट्टै प्रतिवेदन संयुक्त राष्ट्रसङ्घमा जाने भएकाले सबै प्रतिवेदन बुझाउनु अघि आपसमा सहकार्य गर्ने र विषयवस्तुमा एकरुपता कायम गर्नका लागि छलफल गरिनुपर्ने धारणासमेत राखिएको थियो।

संयुक्त राष्ट्रसङ्घका हरेक सदस्य राष्ट्रलाई समीक्षाका लागि पालैपालो छान्ने गरिन्छ। जसले गर्दा हरेक सदस्य राष्ट्रको प्रत्येक साढे चार वर्षमा अनिवार्य रूपमा समीक्षा हुन्छ। नेपालको यसअघि सन् २०११ मा पहिलो, सन् २०१५ मा दोस्रो र सन् २०२० मा तेस्रोपटक आवधिक समीक्षा भएको थियो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# मानवअधिकारको आवधिक समीक्षा प्रतिवेदन पेस गर्न समितिको निर्देश

काठमाडौँ, ४ साउन (रासस)।

कानुन, न्याय तथा मानवअधिकार समितिले संयुक्त राष्ट्रसङ्घको मानवअधिकार परिषद्मा पेस गरिने नेपालको मानव अधिकार अवस्थासहितको विश्वव्यापी आवधिक समीक्षा प्रतिवेदन तयार गरी समिति र सम्बन्धित निकायमा पेस गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई निर्देश गरेको छ।

समितिको आइतबारको बैठकमा सभापति विमला सुवेदीले सन् २०२६ जनवरीमा स्विट्जरल्यान्डको जेनेभामा हुने सम्मेलन अघि नै सम्बन्धित निकायमा पेस गर्नु पर्ने समयसीमा रहेकाले निर्धारित समयमा प्रतिवेदन तयार गरी पेस गर्न निर्देश गरिएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, “समितिमा भएको छलफल र सदस्यहरूले दिनुभएको सुझावका आधारमा सरकारलाई सहजीकरण गर्न सहज होस् भन्ने उद्देश्यले उक्त निर्देश गरिएको हो। पहिलोदेखि तेस्रो आवधिक समीक्षामा गरिएका प्रतिबद्धता र कार्यान्वयनका लागि स्वीकार गरिएका सिफारिसबारे समयसीमासहितको राष्ट्रिय कार्ययोजना निर्माण गरी नतिजामूलक कार्यान्वयन गर्न निर्देश गरिएको छ।”

मानवअधिकारसम्बन्धी तेस्रो विश्वव्यापी आवधिक समीक्षा कार्यान्वयन र चौथोको तयारी अवस्थाबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समितिले आइतबार छलफल गरेको हो। आर्थिक कूटनीतिमार्फत विश्वव्यापी आवधिक समीक्षा कोषमा पहुँच पुर्‍याउन र अन्तरराष्ट्रिय सहयोगका लागि आवश्यक प्रबन्ध गर्न मानवअधिकार कार्यान्वयको सन्दर्भमा नतिजामा आधारित अनुगमन प्रणालीको व्यवस्था मिलाउन पनि समितिले निर्देश गरेको छ।

यसअघि बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले धेरै मौलिक अधिकार समावेश भएको आधुनिक संविधान जारी गर्ने लोकतान्त्रिक मुलुक हुनुका नाताले नेपालले मानवअधिकारका विषयमा महत्त्वपूर्ण प्रतिबद्धता गर्दै आएको बताउनुभयो। उहाँले भन्नुभयो, “कानुन निर्माणपछि कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोग र अर्थमन्त्रालयले बजेट बनाउँछ, त्यसमा समुचित ध्यान दिन जरूरी छ। कतिपय अवस्थामा कार्यक्रम छ, बजेटको अभावमा बनाइएका कानुन र संरचना कार्यान्वय हुनसकेका छैनन्।”

बनाइएका कानुन र गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको जनाउँदै मन्त्री गुरुङले विगतको द्वन्द्वका अवशेषलाई छिटो अन्त्य गरी न्यायपूर्ण समाज निर्माणका लागि सरकारको गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो। नेपालको सबै घरपरिवारमा प्रविधिको प्रयोग र इन्टरनेटको पहुँच पुर्‍याउने कार्यलाई सरकारले उच्च प्राथमिकता दिएको बताउँदै उहाँले नवीनतम प्रविधिको प्रयोगमा भइरहेका दुरुपयोगलाई नियमन गर्न मात्र खोजिएको स्पष्ट पार्नुभयो।

“पछिल्लो समय ‘साइबर’सम्बन्धी अपराधबाट धेरै मानिस पीडित भएका छन्। अघिल्लो वर्ष करिब २० हजारको सङ्ख्यामा योसम्बन्धी विषयमा प्रहरीमा उजुरी परेका थिए। त्यो सङ्ख्या निरन्तर बढ्दो क्रममा छ। त्यस कारण प्रविधिको दुरुपयोगलाई

बाँकी अन्तिम पृष्ठमा

# पोखरी सौन्दर्यकरण अभियान निष्प्रभावी

**हिमाल लम्साल**
पर्सा, ४ साउन (रासस)।

वीरगञ्ज महानगरपालिका-१६ नगवाकी राधिकादेवी २०७५/७६ सालमा मधेस प्रदेश सरकारले नगवा पोखरी मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत सौन्दर्यकरण गर्ने योजनाले निकै खुसी हुनुहुन्थ्यो । आफ्नै घरनजिकै रहेको पोखरी व्यवस्थित भएसँगै छठ पूजा गर्न सहज हुने आशाले पनि उहाँसहितका नगरवासीलाई हर्षित बनाएको थियो ।

उहाँको त्यो खुसी लामो समय टिक्न सकेन । नगवापोखरी सौन्दर्यकरण थालेको पनि छ वर्ष बितिसक्यो तर अहिलेसम्म पनि पोखरी निर्माणको काम सकिएको छैन । पोखरीको मध्यभागमा सूर्यनारायणको मन्दिर बनाउन गाडेको छड पनि खिया लागिसक्यो । पोखरी वरपर सौन्दर्यकरणको काम विगत तीन वर्षदेखि अलपत्र छ । "हामीले त नगवा पोखरी बन्ला भनेर ठूलो आशा गरेका थियौँ तर, अहिले त हाम्रो आशा निराशामा बदलिसकेको छ", राधिकादेवीले भन्नुभयो, "बीचैमा अलपत्र पार्ने हो भने किन पोखरी बनाउने अभियान थालेको त ?"

मधेस प्रदेश सरकारले आव २०७५/७६ र आव २०७६/७७ मा मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत पर्सा जिल्लामा मात्रै छ वटा पोखरी सौन्दर्यकरणको योजना अघि सारेको थियो । तर, प्रदेश सरकारले अघि सारेका छवटै पोखरी निर्माणको काम तीन वर्षदेखि अलपत्र छ । पूर्वाधार विकास कार्यालय वीरगञ्जका कार्यालय प्रमुख लालबाबु रायले सुरुआती चरणमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाटै पोखरी सौन्दर्यकरणका योजना अघि सारिएको बताउनुभयो ।

"मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत जिल्लामा छवटा पोखरी निर्माण गर्न रु ३७ करोड ७६ लाख चार हजार ८४७ लागतमा ठेक्का सम्झौता भएको थियो", उहाँले भन्नुभयो, "अहिलेसम्म छ वटै पोखरी निर्माणको काम बीचैमा रोकिएको छ ।"

त्यसैको एक कुरुप नमुना हो नगवापोखरी । मधेस प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले वीरगञ्ज-१६ स्थित नगवापोखरी सौन्दर्यकरणका लागि २०७६ वैशाख २३ गते प्रेरा/रञ्जन संयुक्त उपक्रम (जेभी) ललितपुरसँग रु १० करोड एक लाख ३० हजार ६०९ को ठेक्का सम्झौता भएको थियो । सम्झौताअनुसार नगवापोखरी सौन्दर्यकरणको काम २०७८ वैशाख १४ गतेभित्रै निर्माण सम्पन्न हुनुपर्ने थियो तर अहिलेसम्म पोखरीको निर्माणको काम ५० प्रतिशत मात्रै भएको कार्यालयले जनाएको छ ।

नगवापोखरीको मध्यभागमा सूर्यनारायणको मन्दिर निर्माण गर्ने, मन्दिर वरपर सौन्दर्यकरणको काम पनि बीचैमा अलपत्र अवस्थाबाट गुज्रिरहेको छ । निर्माण कम्पनीले हालसम्म रु तीन करोड ९७ लाख ८७ हजार ५७६ रकम भुक्तानी पाएको छ ।

वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंह प्रदेश सरकारले अघि सारेका वीरगञ्जका आधा दर्जन पोखरी सौन्दर्यकरणका योजना अलपत्र हुँदा महानगरलाई अनावश्यक दोषारोषण हुँदै आएको गुनासो गर्नुहुन्छ । "मधेस प्रदेश सरकारले अघि सारेका वीरगञ्जका पोखरी सौन्दर्यकरण गर्ने योजना वर्षौंदेखि अलपत्र हुँदै आइरहेका छन्", उहाँले भन्नुभयो, "प्रदेश सरकारले अघि सारेको योजना छ वर्षदेखि अलपत्र छन् । प्रदेश सरकारले काम गर्न नसक्ने हो भने प्रक्रिया पूरा गरेर महानगरलाई हस्तान्तरण गरे हुन्छ नि ।"

मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रमअन्तर्गत अघि बढाइएको वीरगञ्ज-१२ स्थित मुर्लीपोखरी सौन्दर्यकरणको काम पनि अलपत्र छ । सो पोखरीको ठेक्का पनि प्रेरा-रञ्जन जेभीले रु १० करोड ४३ लाख १७ हजार ७५ लागतमा पाएको थियो । अहिलेसम्म पोखरी सौन्दर्यकरणको काम ७५ प्रतिशत सकिएको छ तर बाँकी काम कहिले सम्पन्न हुने कुनै निश्चित छैन ।

मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत पोखरी सौन्दर्यकरण अभियान थाल्नुभएका तत्कालीन मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउत गद्दीले सार्वजनिक सम्पत्तिका रुपमा रहेका पोखरीहरुको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले पर्सा जिल्लामा आधा दर्जन पोखरी सौन्दर्यकरणका योजना अघि सारे पनि अहिले अलपत्र हुँदा आफूलाई दुःख लागेको बताउनुभयो । "मुलुक कोभिड सङ्क्रमण महामारीको समयमा बजेट अभावका कारणले दुई वर्षसम्म निरन्तर रुपमा बजेट राख्न पनि सकेनौँ", उहाँले भन्नुभयो, "एकातर्फ निर्माण कम्पनीले भुक्तानी माग गर्दै अदालतमा जानु र अर्कोतर्फ नयाँ बनेको प्रदेश सरकारले पोखरी सौन्दर्यकरण अभियानको कार्यक्रमलाई बजेट निरन्तरता नदिनाले पनि अभियान अलपत्र बन्न पुग्यो ।"

तत्कालीन मुख्यमन्त्री गद्दीले पछिल्ला वर्षमा प्रदेश सरकारले बजेट नै विनियोजन नगरेपछि काम अघि बढ्न नसकेको बताउनुभयो । "बजेट नै विनियोजन नगरेपछि त काम कसरी हुन्छ ?" उहाँले भन्नुभयो, "कोभिड-१९ को सङ्क्रमण देखापरेपछि नै यहाँको काम ठप्प छ । की त काम अघि बढाउनु पर्‍यो की त ठेक्का तोड्नुपर्ने हुन्छ ।"

त्यस्तै अलपत्र पर्ने अर्को योजनामा परेको छ-छिपरमाई पोखरी सौन्दर्यकरण । सो पोखरी सौन्दर्यकरण गर्नका लागि रु १० करोड ४४ लाख ६३ हजार एक सय ८० लागतमा निर्माण थालनी भएको थियो ।

सो पोखरीको निर्माणको ठेक्का पनि प्रेरा/रञ्जन जेभीले नै प्राप्त गरेको थियो । पूर्वाधार विकास कार्यालयका अनुसार सो पोखरीको प्रगति मुस्किलले २५ प्रतिशत मात्रै भएको छ । सो पोखरीको ठेकेदार कम्पनीले रु दुई करोड १४ लाख ६१ हजार आठ सय ५४ रकम बुझिसकेको छ । सौन्दर्यकरणको अभियान भने जहाँकोतहीँ छ ।

वीरगञ्ज महानगरपालिका-१५ स्थित लक्ष्मणवा पोखरी सौन्दर्यकरण योजना पनि अलपत्रकै सूचीमा दर्ज हुँदै आइरहेको छ । सो पोखरी निर्माणका लागि २०७७ फागुन १० गते सुनकोशी कन्स्ट्रक्सन नेपाल प्रालिलाई दिइएको थियो । ठेक्का सम्झौताअनुसार सो पोखरीको सौन्दर्यकरणको काम २०८० वैशाख ११ गतेभित्रै सम्पन्न हुनुपर्ने थियो । तर, अहिलेसम्म सो पोखरीको सौन्दर्यकरणको काम भने ७५ प्रतिशतभन्दा अघि बढ्न सकेको छैन । सो पोखरीको निर्माण कम्पनीले हालसम्म रु एक करोड २८ लाख ३६ हजार ५३९ रकम भुक्तानी लिइसकेको छ ।

सो पोखरी निर्माणका लागि २०७७ फागुन ११ गते रु तीन करोड छ लाख ३१ हजार ३५३ लागतमा नार्गाजुन/हेम/सर्बसक्री जेभीले पाएको थियो । सम्झौताअनुसार सो पोखरी २०८० वैशाख ११ गतेभित्रै निर्माण सम्पन्न हुनुपर्ने थियो । तर, अहिलेसम्म सो पोखरीको प्रगति ३० प्रतिशतमा नै खुम्चिएको छ । तीन वर्षदेखि पोखरी निर्माणमा सिन्को भाँच्ने कामसमेत भएको छैन ।

त्यस्तैगरी, मधेस प्रदेश सरकारले वीरगञ्ज महानगर क्षेत्रभित्रै मूर्लीबगौँचा सौन्दर्यकरणको काम पनि २०७७ फागुन ११ गते विकोइ/किशोर जेभीसँग रु दुई करोड पाँच लाख ४१ हजार दुई १० लागतमा तीन वर्षभित्रै सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गर्‍यो । तर, सो पोखरी निर्माणको काम पनि कछुवा गतिमा नै सीमित छ । हालसम्म सो पोखरीको प्रगति २० प्रतिशत भए पनि निर्माण कम्पनीले अहिलेसम्म भुक्तानी पाएका छैनन् । पूर्वाधार विकास कार्यालयका अनुसार पर्साका छ पोखरीमध्ये पाँच पोखरीको निर्माणका लागि हालसम्म रु १४ करोड ७९ लाख ८६ हजार दुई सय ७६ रकम भुक्तानी भइसकेको छ ।

कार्यालय प्रमुख रायले पर्साका पोखरी सौन्दर्यकरण योजनाको म्याद थप नहुनु र बजेट अभाव मुख्य समस्या रहेको बताउनुभयो । "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पूर्वाधार विकास कार्यालयमा हस्तान्तरण भएदेखि पोखरी सौन्दर्यकरणको योजना अघि बढ्न सकेको छैन ।" छ वटै पोखरी सौन्दर्यकरण गर्ने अभियानको फाइल भने २०७९ सालदेखि पूर्वाधार विकास कार्यालय मातहत आएको छ । सोही समयदेखि पोखरी निर्माणको काम पनि अघि बढ्न सकेको छैन । "पोखरी सौन्दर्यकरणको विवाद विभिन्न निकायमा पुगेकाले पनि काम अघि बढ्न सकिरहेको छैन", उहाँले भन्नुभयो ।

पोखरी सौन्दर्यकरणको ठेक्का पाएका निर्माण कम्पनीले आफ्नो भुक्तानी पाउनुपर्ने माग राख्दै अदालतमा मुद्दा समेत दायर गरेका छन् । अर्कोतर्फ पोखरी सौन्दर्यकरण गर्ने विषयमा आवश्यक फाइल अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबास कार्यालयले अनुसन्धान भइरहेको बताइएको छ ।

मधेस प्रदेशको भौतिक पूर्वाधार तथा विकास मन्त्रालयका निमित्त सचिव सञ्जयप्रसाद साहले पर्याप्त बजेट अभावले पोखरी सौन्दर्यकरणको अभियान प्रभावकारी ढङ्गले अघि बढ्न नसकेको बताउनुभयो । "मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गतका कार्यक्रम विगतमा मुख्यमन्त्री कार्यालय मातहत अघि बढाइएको थियो । तर, अहिले बजेट अभावले काम अघि बढ्न सकेको छैन", उहाँले भन्नुभयो, "चालु आवमा पोखरी सौन्दर्यकरण अभियानअन्तर्गतका प्रतियोजना रु एक लाख मात्रै बजेट छुट्याएकाले पनि काम हुन सकिरहेको छैन ।" निमित्त सचिव साहले आगामी आवको बजेटमा पनि पोखरी सौन्दर्यकरणका योजनामा पर्याप्त बजेट विनियोजन नभएकाले समयमा नै सम्पन्न हुनेमा आशङ्का कायमै छ ।

मधेस प्रदेशका अर्थमन्त्रालयका प्रवक्ता उपेन्द्र न्यौपानेले अलपत्र परेका पोखरी सौन्दर्यकरणका योजनाको आवश्यक छानबिन गरेर छिट्टै निष्कर्षमा निकाल्ने योजना रहेको बताउनुभयो । "अलपत्र परेका पोखरी सौन्दर्यकरणलाई व्यवस्थित गराउने विषयमा आवश्यक छलफल भइरहेको छ", उहाँले भन्नुभयो, "आवश्यकताको आधारमा केही पोखरीको सौन्दर्यकरणको अभियानलाई अघि बढाइनेछ ।"

## विश्व समाचार

### पर्यटक डुङ्गा डुब्दा भियतनाममा दर्जनौँको मृत्यु

भियतनाम, ४ साउन (रासस/एएफपी)।

भियतनामको सबैभन्दा लोकप्रिय पर्यटकीय गन्तव्यमध्ये एकमा डुङ्गा डुब्दा कम्तीमा ३८ जनाको मृत्यु भएपछि उद्धारकर्ताहरूले आइतबार बेपत्ता पाँच जनाको खोजी गरिरहेका छन् ।

भियतनामको प्रसिद्ध हा लङ बे वरिपरि परिवारहरूलाई घुमाउँदै गरेको पर्यटक डुङ्गालाई शनिबार अकस्मात् आएको आँधीले प्रहार गरेको थियो । यो युनेस्को विश्व सम्पदा स्थलको सबैभन्दा घातक प्रकोपहरू मध्ये एक थियो ।

भिएनएक्सप्रेस समाचार साइटका अनुसार अचानक भारी वर्षाका कारण पल्टिएको 'वन्डर सी' नामक जहाजमा ४८ यात्रु र पाँच चालक दल सदस्य सवार थिए ।

"आकाश अँध्यारो भयो", हा लङ बे क्षेत्रका बासिन्दा ट्रान ट्रोङ हडले एएफपीलाई भन्नुभयो, त्यहाँ "मुसलधारे वर्षा, आँधीबेहरी र चट्याङसहित औँला बराबरका ठूला असिनाहरू आए ।"

यात्रुहरूमा २० भन्दा बढी बालबालिका सहित राजधानी हनोईबाट आएका गर्ने परिवारहरू अधिकांश थिए । शनिबार साँझसम्म सीमा रक्षकहरूले ११ जनालाई उद्धार गरेका थिए र ३४ जनाको शव बरामद गरेका थिए ।

रातभर क्याबिनमा तीनजना चालक दलका सदस्यहरूको शव फेला परेको थियो र अझै पनि बेपत्ता रहेका पाँच जनालाई फेला पार्न आइतबार बिहानसम्म उद्धार कार्य जारी रहेको थियो ।

उद्धार गरिएका मध्ये एक जनाको आइतबार अस्पतालमा मृत्यु भएको र मृतकको सङ्ख्या ३८ पुगेको भिएनएक्सप्रेसले जनाएको छ ।

उद्धार गरिएकाहरू मध्ये एक १० वर्षीय केटाले राज्य सञ्चारमाध्यम भियतनामनेटलाई भने, "मैले गहिरो सास लिएँ, एउटा खाली ठाउँबाट पौडिएँ, डुबेँ र त्यसपछि माथि पौडिएँ, मैले सहायताका लागि चिच्याएँ, त्यसपछि सिपाहीहरू भएको डुङ्गाले मलाई तान्यो ।"

प्रधानमन्त्री फाम मिन्ह चिनले शनिबार मृतकका आफन्तप्रति समवेदना प्रकट गर्दै रक्षा तथा जनस्वास्थ्य मन्त्रालयलाई तत्काल खोजी र उद्धार कार्य गर्न आग्रह गर्नुभएको थियो ।

"अधिकारीहरूले घटनाको कारण अनुसन्धान र स्पष्ट पार्नेछन् र उल्लङ्घनहरूलाई कडाइका साथ नियन्त्रणमा लिनेछन्", सरकारी विज्ञप्तिमा भनिएको छ ।

शनिबार उत्तरी हनोई, थाई गुयेन र ब्याक निन्ह प्रान्तमा पनि भारी वर्षा भएको छ । तीव्र हावाको कारण राजधानीमा धेरै रुखहरू ढलेका छन् । यो आँधी तीन दिनको तीव्र गर्मीपछि आएको थियो । भियतनाममा केही क्षेत्रमा पारा ३७ डिग्री सेल्सियस (९९ डिग्री फारेनहाइट) पुगेको थियो ।

नेसनल सेन्टर फर हाइड्रोमेटियोरोलोजिकल फोरकास्टिङका निर्देशक माई भान खिमले भिएनएक्सप्रेसमा उद्धृत गर्दै उत्तरी भियतनाममा आँधीबेहरी दक्षिण चीन सागरमा उष्णकटिबन्धीय आँधी विफाको प्रभावका कारण नभएको बताउनुभयो ।

विफा आइतबार दक्षिण चीन सागरमा प्रवेश गर्दै शक्ति बढाउँदै छ र अर्को हप्ताको सुरुमा भियतनाममा आउने बाटोमा छ । हा लङ बे भियतनामको सबैभन्दा लोकप्रिय पर्यटन गन्तव्यहरू मध्ये एक हो । लाखौँ मानिस प्रत्येक वर्ष यसको निलो-हरियो पानी र वर्षावन-शीर्ष चुनढुङ्गाका टापुहरू हेर्न आउँछन् ।

गत वर्ष टाइफुन यागीले तीव्र हावा र छालहरू ल्याएपछि हा लङ खाडीको किनारमा रहेको तटीय क्वाङ निन्ह प्रान्तको डुङ्गा लक क्षेत्रमा ३० वटा जहाज डुबेका थिए । यस महिना इन्डोनेसियाको लोकप्रिय रिसोर्ट टापु बालीमा एउटा डुङ्गा डुबेर कम्तीमा १८ जनाको मृत्यु भएको थियो ।

### इक्वेडरको पर्यटकीय सहरमा पुल बारमा गोली हानी नौ जनाको हत्या

जनरल भिल्लामिल (इक्वेडोर), ४ साउन (रासस/एएफपी)।

इक्वेडरको दक्षिणपश्चिमी पर्यटकीय सहरमा पुल खेलिरहेका बेला शनिबार कम्तीमा नौ जनाको गोली हानी हत्या गरिएको देशको अभियोजकको कार्यालयले जनाएको छ ।

दक्षिणी गुयास प्रान्तको तटीय सहर र स्थानीय पर्यटकहरूका लागि गन्तव्य जनरल भिल्लामिल प्लेयासको मजदुर वर्गको बस्तीमा रहेको बारमा सशस्त्र व्यक्तिहरूको समूहले धेरै मानिसमाथि गोली चलाएको थियो ।

इक्वेडरको अभियोजकको कार्यालयले सामाजिक सञ्जाल एक्समा सशस्त्र व्यक्तिहरू प्रतिष्ठानमा प्रवेश गरी उपस्थितहरूलाई गोली हानेको बताएको छ ।

सामाजिक सञ्जालमा भाइरल भएका तस्बिरहरूले धेरै पुल टेबलहरूको वरिपरि भुइँमा कम्तीमा नौ जना रगतले लतपतिएका शवहरू देखाएको छ । स्थानीय मिडिया रिपोर्टहरूका अनुसार आक्रमणकारीहरूसँग स्वचालित राइफलहरू थिए ।

नरसंहार भएको बारमा आफन्तहरूले शनिबार राति दुईवटा कफिन राखेका थिए । एएफपी रिपोर्टरले खिचेका तस्बिरहरूका अनुसार पुल टेबलमा गोलीका प्वालहरू देखिएका थिए ।

प्रहरी कर्नल फ्रानोन वरेलाले मिडियालाई आक्रमणमा दुई जना घाइते भएको र स्थानीय अस्पतालमा उपचार गरिएको बताउनुभयो । अधिकारीहरूले घटनास्थलमा एउटा शव मात्र पहिचान गर्न सकेका छन् ।

"दुर्भाग्यवश, जब प्रहरी आइपुग्छ, यस घटनाबाट प्रभावित धेरै व्यक्तिहरूलाई बासिन्दाहरू र परिवारका सदस्यहरूले घटनास्थलबाट हटाइदिन्छन्", वरेलाले भन्नुभयो, "थप पीडित हुनसक्ने अनुमान गरिएको छ ।"

# वर्षाका कारण देशभरका ११ राजमार्ग पूर्ण रुपमा अवरुद्ध

काठमाडौँ, ४ साउन (रासस) ।

मुलुकभर परेको अविरल वर्षाका कारण आएको बाढीपहिरोबाट देशभरका ११ राजमार्ग पूर्ण रुपमा अवरुद्ध भएका छन् ।

प्रहरी प्रधान कार्यालयका अनुसार शनिबार साँझदेखि परेको अविरल वर्षाका कारण ११ मुख्य राजमार्ग अवरुद्ध भएका हुन् । अवरुद्ध हुनेमा सङ्खुवासभास्थित कोशी राजमार्ग, पाँचथरस्थित मेची राजमार्ग, पाँचथरस्थित तमोर करिडोर सडकखण्ड, पाँचथरस्थित मध्यपहाडी लोकमार्ग रहेका छन् ।

यस्तै, रसुवास्थित पासाङ-ल्हामु राजमार्ग, बाग्लुङस्थित कालीगण्डकी करिडोर, मुस्ताङस्थित जोमसोम-लोमान्थाङ सडक, रोल्पास्थित सहिद राजमार्ग, रुकुम पश्चिमस्थित जाजरकोट-डोल्पा भेरी करिडोर र बैतडीस्थित महाकाली राजमार्ग पूर्ण रुपमा अवरुद्ध भएका छन् ।

यसैगरी, काठमाडौँको टोखाबाट नुवाकोट जाने सडकखण्ड, बागलुङ नगरपालिकास्थित कालीगण्डकी करिडोर, बागलुङको गलकोटस्थित मध्यपहाडी लोकमार्ग, नवलपरासी पूर्वस्थित कालीगण्डकी करिडोर, रोल्पाको परिवर्तन गाउँपालिकास्थित सहिद राजमार्ग एकतर्फी सञ्चालन भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

# एमाले अध्यक्ष ओली र पूर्वराष्ट्रपति भण्डारीबीचको भेटवार्ता सकारात्मक

काठमाडौँ, ४ साउन (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीबीच भेटवार्ता हुनु सकारात्मक भएको सो पार्टीका नेताहरूले प्रतिक्रिया दिएका छन् ।

अध्यक्ष ओली र पूर्व राष्ट्रपति भण्डारीबीच आइतबार एमाले केन्द्रीय कार्यालय, च्यासलमा करिब डेढ घण्टा भेटवार्ता भएको थियो । पूर्वराष्ट्रपति भण्डारीले पार्टीको राजनीतिमा आउन मिल्ने नमिल्ने बहसका बीच उहाँहरूबीच भएको छलफलले बहसलाई निचोडमा लिन सहयोग पुग्ने ठानिएको छ ।

वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले अध्यक्ष ओलीले शनिबारको पोलिटव्यूरो बैठकमा दिनुभएको जानकारीबमोजिम पूर्वराष्ट्रपति भण्डारीसँग छलफल गर्नुभएको र यो सकारात्मक रहेको पत्रकारहरूलाई बताउनुभयो । उहाँले पूर्वराष्ट्रपति भण्डारीले पार्टीको सदस्यता नवीकरण गरेको कुरा पार्टी महासचिवबाटै सार्वजनिक भइसकेको जिकिर गर्नुभयो ।

एमालेको केन्द्रीय कमिटी बैठक सोमबारदेखि हुने भएकाले पनि त्यसको अघिल्लो दिन उहाँहरूबीच भएको भेटवार्तालाई अर्थपूर्ण मानिएको छ ।

पार्टी सचिव योगेश भट्टराईले पार्टीभित्र यो कित्ता र त्यो कित्ताका हिसाबले गरिने व्यवहार उचित नहुने भन्दै बाहिर विवाद बढाउनुभन्दा पार्टी नेतृत्व र पूर्वराष्ट्रपतिबीच सौहार्द छलफलबाट विषयको टुङ्गो लाग्नुपर्नेमा जोड दिनुभयो ।

केन्द्रीय कमिटी बैठकमा आगामी भदौ २० देखि २२ सम्म हुने दोस्रो विधान महाधिवेशनमा प्रस्तुत गरिने विधान संशोधनसहितका प्रस्तावमाथि छलफल हुने कार्यसूची रहेको जनाइएको छ ।

### *मानवअधिकारको ...*

नियन्त्रण गर्न आवश्यक छ", मन्त्री गुरुङको भनाइ थियो ।

बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले संविधानले स्वीकार गरेका सबै प्रकारका असमानता र भेदभावको अन्त्य गर्ने र सबैका लागि मानवअधिकारको अवस्था सिर्जना गर्न धेरै कानुन निर्माण भएको र केही तर्जुमाको चरणमा रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नेपालको स्वतन्त्र न्यायपालिका सक्षमताका हिसाबले पनि दक्षिण एसियाकै उत्कृष्ट छ । चुनौतीपूर्ण अवस्थामा पनि न्यायपालिकाले सक्षमता र तटस्थता देखाएको अवगत नै छ । कानुन कार्यन्वयनको विषयमा सबै सचेत छौँ । मानवअधिकारसम्बन्धी प्रतिवेदन निर्माण र विगतका सिफारिस कार्यान्वयनमा सरोकार भएका निकायसँग समन्वय हुनेछ ।"

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कानुन तथा मानवअधिकार हेर्ने सचिव र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिवहरूले सत्यनिरुपण तथा मेलमिलाप आयोग गठनपछि उजुरी आह्वान भएकामा प्राप्त उजुरीको सङ्ख्याका आधारमा करिब ८० हजार पुग्ने अनुमान गरिएको बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को दशवर्षे सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता भएकामध्ये अब करिब ६०० को सङ्ख्यामा बेपत्ता रहेको अनुमान गरिएको उहाँहरूले भनाइ थियो ।

# आन्तरिक राजस्व कार्यालय वीरगञ्जद्वारा गत आवमा ९ अर्ब ४१ करोड राजस्व संकलन

पर्सा, ४ साउन (रासस) ।

आन्तरिक राजस्व कार्यालय वीरगञ्जले गत आर्थिक वर्षमा रु नौ अर्ब ४५ करोड ९५ लाख सात हजार राजस्व सङ्कलन गरेको छ । कार्यालयले आव २०८०/८१ को तुलनामा गत आर्थिक वर्षमा रु दुई अर्ब ५८ करोड बढी राजस्व सङ्कलन गरेको हो ।

कार्यालयका प्रमुख कर अधिकृत टीकाराज चौलागाईँले अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा राजस्व सङ्कलनको वृद्धिदर भने ३५ दशमलव ५७ प्रतिशत रहेको बताउनुभयो । "आन्तरिक राजस्व विभागले गत आवमा कार्यालयलाई रु आठ अर्ब ७१ करोड ८२ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो", उहाँले भन्नुभयो, "कार्यालयले गत आवभरिमा वार्षिक लक्ष्यको एक सय नौ प्रतिशत लक्ष्य हासिल गरेकोबारे छ । कार्यालयले विभागबाट निर्धारित कार्यात्मक सूचकका आधारमा 'एक प्लस' स्तर प्राप्त गर्न सकेका छौँ ।"

विभागले आव २०८०/८१ का लागि भने रु नौ अर्ब ४१ करोड ९७ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो । तर, सो अवधिमा कार्यालयले वार्षिक लक्ष्यको ७२ दशमलव ९३ अर्थात् रु छ अर्ब ८७ करोड राजस्व सङ्कलन गरेको थियो ।

प्रमुख कर अधिकृत चौलागाईँले कार्यालयले बक्यौता रकम असुलीमा कडाइ गरेकाले पनि लक्ष्यभन्दा धेरै राजस्व सङ्कलन गर्न सफल भएको बताउनुभयो । "चैत महिनामै राजस्व नबुझाउने करदाताको बैंक खाता, घरजग्गा, आयात-निर्यात रोक्का गरियो । जसबाट राजस्व सङ्कलनको लक्ष्य पुग्नमा धेरै मद्दत पुग्यो", उहाँले भन्नुभयो, "कार्यालयले सघन बजार अनुगमनको दायरा विस्तार र करदाता शिक्षालगायत चेतनामूलक कार्यक्रमले पनि राजस्व बढ्न सकेको हो ।"

कार्यालयले गत आवमा अन्तःशुल्क करतर्फ रु तीन अर्ब नौ करोड ५७ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा सो शीर्षकमा रु चार अर्ब १३ करोड ७३ लाख राजस्व सङ्कलन गरेको छ । त्यस्तै कार्यालयले गत आवभरिमा आयकरतर्फ रु दुई अर्ब ८९ करोड ९९ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा सो शीर्षकमा रु तीन अर्ब १० करोड१५ लाख राजस्व सङ्कलन गरेको छ । कार्यालयले गत आवमा मूल्य अभिवृद्धि करतर्फ भने रु दुई अर्ब ५८ करोड ८७ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा सो शीर्षकमा रु दुई अर्ब १२ करोड ९१ लाख राजस्व सङ्कलन गरेको छ । प्रमुख कर अधिकृत चौलागाईँले मूल्य अभिवृद्धि कर लक्ष्यअनुसार सङ्कलन नहुनुमा यहाँका १५ वटा करदाताको कारसिबारको सीमा नाघेर ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयमा गएकाले पनि सो लक्ष्य प्राप्त हुन नसकेको बताउनुभयो ।

---

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित
सहकारी बिभाग दर्ता न.१२०।०५७।५८

## जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

राजविराज–४, सप्तरी

मिति : २०८२/०४/०५

**धितोमा रहेको अचल सम्पती लिलाम बिक्रिका लागी डाँक बढाबढ स्थगित भएको सुचना ।**

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि. राजबिराज–४, सप्तरीले ऋण असुली प्रक्रिया अन्तर्गत राजबिराजबाट प्रकाशित हुने राजबिराज दैनिकको बर्ष ३४ अंक २७६, २०८२ जेठ २६ गते प्रकाशित सुचना अनुसार मिति २०८२ श्रावण ७ गते दिनको ११ बजे देखी ३ बजे सम्म धितो लिलाम बिक्रिका लागी डाँक बढाबढ हुने भनिएकोमा हाल केही दिनका लागी उक्त लिलाम डाक बढाबढ कार्य स्थगित भएको व्यहोरा सबैमा जानकारी गराईन्छ । पुनः अर्को सुचना प्रकाशित गराई उक्त लिलाम डाँक बढाबढ बारे जानकारी गराईनेछ ।

---

डिभिजन वन कार्यालय, सप्तरी

गोलिया /चिरान काठको शिलवन्दी बोलपत्रद्वारा लिलाम विक्री सूचना

दोश्रो पटक प्रकाशित मिति २०८२/०४/०४

उपरोक्त सम्वन्धमा यस जिल्ला अन्तरगत विभिन्न स्थानबाट विभिन्न मिति र समयमा बरामद मुद्दा र बेवारिसे विभिन्न जात,थान,र परिमाणका गोलिया तथा चिरान काठ र श्री सप्तरी जिल्ला अदालत राजविराजको च.नं.०८०-३३-००१९७० मिति २०८०/०५/१३ को जानकारी र विभिन्न मितिमा फैसला भए बमोजिमको मुद्दा तथा वेवारिसे काठ सव डिभिजन वन कार्यालय कल्याणपुर र महुली अन्तरगतका जण्डौलमा घाटगद्दि रहेको साल चिरान थान २३१ को २०३.२७, जामुन चिरान थान ९को १०.८३ वाँझी चिरान थान ५ को ५.४४ सतिसाल चिरान थान १ को ०.५ अन्य चिरान थान १ को ०.५८ क्युफिट र साल गोलिया थान २ को २२.१३१.टिक गोलिया थान ४५ को १११.५५.सिसौ गोलिया थान ६ को २८.३२.मसला गोलिया थान २ को २०.५२ र २०.५.५को दाउरा ०.२५ चट्टा लिलाम विक्र गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन गरीएको छ । काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उटाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५दिन भित्र डिभिजन वन कार्यालय सप्तरी,राजविराज र प्रदेश वन निर्देशनालय जनकपुरधाम,धनुषाबाट वन कार्यालयमा सूचिकृत भएको काठ चिरान गर्ने सःमिलले डिभिजन वन कार्यालय सप्तरी र प्रदेश वन निर्देशनालय जनकपुरधामबाट उक्त लटको शिलवन्दि बोलपत्र फारम खरिद गरि बोलपत्र गरेको कार्यालयमा दाखिला गर्न आव्हान गरीन्छ । उक्त इच्छुक फर्म वा कम्पनीले यो सूचना राजविराज दैनिक पत्रिकामा दोश्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गरी १६ औं दिनको १२:०० बजे सम्म शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्वन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटीमा हेर्न सकिन्छ ।

सुभास चन्द्र दास
डिभिजनल वन अधिकृत

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*